कोशी प्रदेश सरकार

भौतिक पूर्वाधार विकास मन्त्रालय

पूर्वाधार विकास निर्देशनालय

पूर्वाधार विकास कार्यालय, तेह्रथुम

कार्य सम्पन्न नगरे ठेक्का सम्झौता अन्त्य किन नगर्ने सम्बन्धी ७ (सात) दिने सूचना

प्रकाशित मिति : २०८३/०६/२२

डेरी सेन्टर (बसन्तपुर साप्ताहिक हटिया भवन निर्माण) (ठेक्का नं. UDBO/DKT/NCB/Works /25/075/076) निर्माण कार्यको लागि साविक शहरी विकास तथा भवन कार्यालय,धनकुटा र निर्माण व्यवसायी श्री कान्छाराम/देव एण्ड सायर जे. भी. ,काठमाडौँ विच मिति २०७७/०९/२९ सम्ममा सम्पन्न गर्ने गरी मिति २०७६/०३/२९ मा भएको सम्झौता बमोजिम यस कार्यालय (कोशी प्रदेश सरकारको निर्णय बमोजिम गत आ.व २०८२/०८३ बाट उक्त आयोजनाको सम्पूर्ण जिम्मेवारी यस कार्यालयलाइ हस्तान्तरण भइ आएको) बाट पटक पटक मौखिक ताकेता, लिखित पत्राचार तथा ठेक्का किन नतोड्ने सम्बन्धी १५ दिने सूचना प्रकाशन गर्दा समेत निर्माण व्यवसायी बाट निर्माण कार्य सुचारु गरी सम्पन्न गर्ने तर्फ चासो नदेखाउनुभएको तथा लामो समय देखी निर्माण स्थलमा निर्माण व्यवसायीको उपस्थिति नदेखिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(२)(क), दफा ५९(७) तथा खरिद सम्झौताको GCC अन्तर्गतको GCC 72.1 र 72.3(b) आकर्षित हुने देखिएकोले प्रचलित कानून तथा खरिद सम्झौताका शर्तहरू बमोजिम ठेक्का सम्झौता अन्त्य किन नगर्ने ? ठेक्का सम्झौता अन्त्य गर्नुनपर्ने मनासिब कारणहरू भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र निर्माण व्यवसायीका आधिकारिक जे.भी. पार्टनरहरू स्वयं यस कार्यालयमा उपस्थित भई सम्सोधित कार्यतालिका सहित स्पष्टीकरण पेश नगरेमा वा प्राप्त स्पष्टीकरण चित्त बुझ्दो नदेखिएको खण्डमा यस सूचनालाई अन्तिम ताकेता मानी खरिद सम्झौताका शर्त तथा प्रचलित ऐन, नियम बमोजिम खरिद सम्झौता अन्त्य गरी कालोसुचीमा राख्ने तथा नियमानुसार कार्य सम्पादन जमानत जफत गर्नुका साथै बाँकी कार्य गर्न लाग्ने खर्च सरकारी बाँकी सरह मानी असुल उपर गर्ने तर्फ आवश्यक काम कारबाही अघि बढाइने व्यहोरा समेत यसै सूचना बाट जानकारी गराइन्छ ।

कार्यालय प्रमुख